**आकाशवाणी समाचार- नेपाली**

**मितिः १८ जूलाई २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो पञ्जाबको जालन्धरबाट २० राज्यका ७५ पुनर्विकसित रेलवे स्टेशनहरूको भर्चुअल उद्घाटन गर्नुभयो।

गृहमन्त्री अमित शाहले आज पश्चिम बंगालमा भारत-बंगलादेश सीमामा रहेको सीमा सुरक्षा बलको १८ औं बटालियनको जुमागाछा सीमा चौकीको भ्रमण गर्नुहुनेछ।

विदेश मन्त्रालयले मुम्बई-अहमदाबाद हाई स्पीड रेल परियोजनाको बारेमा भारत र जापान बीचको छलफल राम्रोसँग अगाडि बढिरहेको बताएको छ।

पाकिस्तान प्रशासित जम्मू कश्मीरमा जारी अशान्तिप्रति संयुक्त राष्ट्र संघको मानव अधिकार एजेन्सीले चिन्ता व्यक्त गरेको छ।

मौसम विभागले भोलिसम्म उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा भारी वर्षाको चेतावनी जारी गरेको छ।

**प्रधानमन्त्री- जलन्धर**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो पञ्जाबको जालन्धरबाट २० राज्यका ७५ पुनर्विकसित रेलवे स्टेशनहरूको भर्चुअल उद्घाटन गर्नुभयो। अमृत भारत स्टेशन योजना अन्तर्गत यी स्टेशनहरू लगभग १ हजार ५ सय ७० करोड़ रूपियाँको लागतमा पुनर्विकसित गरिएका छन्। यो योजना विश्वको सबैभन्दा ठूलो रेलवे स्टेशन पुनर्विकसित कार्यक्रमहरू मध्ये एक हो।

"सम्पदा र विकास" को भावनालाई ध्यानमा राख्दै विकसित यी स्टेशनहरूले स्थानीय संस्कृति, सम्पदा र वास्तुकलालाई प्रतिबिम्बित गर्छन्। पुनर्विकसित स्टेशनहरूमा पंजाबको जालन्धर छावनी, एस.ए.एस. नगर-मोहाली, श्री मुक्तसर साहिब अनि श्री आनन्दपुर साहिब, गुजरातको प्रतापनगर, गोधरा, पोरबन्दर अनि भक्तिनगर, ओडिशाको बरपाली, बालान्गीर, परलाखेमुन्डी, तालचर, केसिङ्गा, बिमलगढ़ अनि बारीपाड़ा सहित दक्षिण रेलवेको नौ स्टेशन शामिल छन्। यस अवसरमा, प्रधानमन्त्रीले कार्तोली-अम्बाला रेल सेवा र अमृतसर छेहरता र वाराणसी बीचको सन्त रविदास एक्सप्रेसलाई पनि झण्डा देखाउनुभयो।

प्रधानमन्त्रीले जालन्धरमा ५ हजार ४ सय ७० करोड रुपियाँभन्दा बढीको रेल तथा सडक पूर्वाधार परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नुभयो। यसमा दिल्ली-अमृतसर-कटरा एक्सप्रेसवेको ३०.९ किलोमिटर लामो प्याकेज ६ को उद्घाटन पनि समावेश थियो। यस अवसरमा, प्रधानमन्त्रीले ७५ पुनर्विकसित रेलवे स्टेशनहरूको उद्घाटनले भारतीय रेलवेमा भइरहेको द्रुत

रूपान्तरणको प्रतीक भएको बताउनु भये। उहाँले भन्नु भयो, केन्द्र सरकारले पञ्जाबको विकासको लागि हरसम्भव प्रयास गरिरहेको छ। उहाँले सरकारको प्राथमिकता जनताको सेवा गर्नु, उनीहरूको जीवनस्तर सुधार गर्नु र प्रगतिको लागि नयाँ अवसरहरू सिर्जना गर्नु रहेको बताउनु भयो। उहाँले भन्नु भयो, सरकारले "नागरिक देवो भव" को मन्त्रका साथ काम गरिरहेको छ।

BYTE

यसअघि, प्रधानमन्त्रीले हरियाणाको जिन्दबाट देशको पहिलो हाइड्रोजन-संचालित यात्रु रेललाई झण्डा देखाउनु भय। यो रेलले जिन्द र सोनीपत बीचको ८९ किलोमिटरको दूरी लगभग दुई घण्टामा पार गर्नेछ। प्रधानमन्त्रीले जिन्दमा लगभग १४ हजार ७ सय करोड रुपियाँको विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नु भयो।

पछि, प्रधानमन्त्रीले चण्डीगढमा स्वास्थ्य, शिक्षा र सडक पूर्वाधारसँग सम्बन्धित लगभग ४ हजार ७ सय करोड रुपियाँका विकास परियोजनाहरूको उद्घाटन गर्नुभयो।

**शाह- बंगाल**

गृहमन्त्री अमित शाहले आज पश्चिम बंगालमा भारत-बंगलादेश सीमामा रहेको सीमा सुरक्षा बलको १८ औं बटालियनको जुमागाछा सीमा चौकीको भ्रमण गर्नुहुनेछ। उहाँले सीमा सुरक्षा बलका कर्मचारीहरूसँग अन्तरक्रिया गर्नुहुनेछ अनि "पुलिस सम्मेलन" लाई सम्बोधन गर्नुहुनेछ र वृक्षारोपण समारोहमा भाग लिनुहुनेछ। यस भ्रमणको क्रममा उहाँले सीमा सुरक्षा बलसँग सम्बन्धित धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नुहुनेछ।

श्री शाह तीन दिवसीय भ्रमणको लागि हिजो राति सिलगढ़ीको बागडोग्रा विमानस्थलमा पुग्नुभयो। आज, उहाँले सिलगढ़ीमा सीमा व्यवस्थापन र सुरक्षा व्यवस्थाको समीक्षा बैठकको अध्यक्षता गर्नुहुनेछ। उहाँले राज्यमा तीन नयाँ आपराधिक कानूनको कार्यान्वयन, जन्म र मृत्यु दर्तासँग सम्बन्धित मामिलाहरूको पनि समीक्षा गर्नुहुनेछ। उहाँ साँझ कोलकाता प्रस्थान गर्नुहुनेछ।

भोलि, श्री शाहले पश्चिम बंगालमा कानून व्यवस्थाको अवस्थाको समीक्षा गर्नुहुनेछ। उहाँले कोलकाताको राष्ट्रिय पुस्तकालयमा नवनिर्मित शब्द संग्रहालयको उद्घाटन गर्नुहुनेछ र अमूल बंगाल डेयरीको नयाँ दही उत्पादन प्लान्टको शिलान्यास गर्नुहुनेछ।

**विदेश मंत्रालय - सूचना**

विदेश मन्त्रालयले मुम्बई-अहमदाबाद हाई स्पीड रेल परियोजनाको बारेमा भारत र जापान बीचको छलफल राम्रोसँग अगाडि बढिरहेको बताएको छ। मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले सामाजिक सञ्जालमा आएका केही टिप्पणीहरू व्यक्तिगत विचारमा आधारित र तथ्यसँग असंगत रहेको बताउनु भएको छ। उहाँले परियोजनाको निर्माण द्रुत गतिमा भइरहेको र पहिलो खण्ड २०२७ मा सञ्चालन हुने अपेक्षा गरिएको बताउनु भएको छ।
चाबहार बन्दरगाहको बारेमा, विदेश मन्त्रालयले संयुक्त राज्य अमेरिकाले दिएको छूट केही समय अघि समाप्त भएको र यस विषयमा अगाडि बढ्न सम्बन्धित पक्षहरूसँग छलफल भइरहेको बताएको छ। चाबहारमा भएको कथित आक्रमणको बारेमा, श्री जयसवालले बन्दरगाह टर्मिनललाई कुनै क्षति नभएको बताउनु भएको छ। पाकिस्तानद्वारा प्रशासित जम्मू कश्मीरको मुद्दामा, विदेश मन्त्रालयका प्रवक्ताले भारत सरकारको अडान स्पष्ट रहेको बताउनु भएको बताउनु भएको छ जसमा भनिएको छ जम्मू कश्मीर र लद्दाखका सम्पूर्ण केन्द्र शासित प्रदेशहरू भारतका अभिन्न अंग हुन्।

**गडकरी-पुणे**

केन्द्रीय परिवहन यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरी र महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले आज पुणेमा तीन प्रमुख राष्ट्रिय राजमार्ग परियोजनाहरूको संयुक्त रूपमा शिलान्यास गर्नेछन्।

यी तीन परियोजनाहरूमा खराडी जंक्शन र शिरुर बाइपास बीचको ५३ किलोमिटर छ लेनको सडक समावेश छ, जुन २४६ किलोमिटर पुणे-संभाजीनगर ग्रीनफिल्ड एक्सप्रेसवेको पहिलो चरण हो। यसका साथै, हडपसर र यवत बीचको ३० किलोमिटरभन्दा बढी सडक र तलेगाउँ-चकन-शिक्रापुर बीचको लगभग ५४ किलोमिटर सडकको शिलान्यास गरिनेछ। यी परियोजनाहरूले कनेक्टिभिटी सुधार गर्नेछन्, यात्रा समय घटाउनेछन् र ट्राफिक जाम कम गर्नेछन्, साथै पुणे क्षेत्रमा औद्योगिक र आर्थिक विकासलाई पनि बढावा दिनेछन्।

केन्द्रीय नागरिक उड्डयन राज्यमन्त्री मुरलीधर मोहोल, उपमुख्यमन्त्री एकनाथ शिन्दे र सुनेत्रा पवार लगायत अन्य विशिष्ट व्यक्तिहरू पनि कार्यक्रममा उपस्थित हुनेछन्।

## गोयल - एस्टोनिया

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले एस्टोनियाको राजधानी टालिनमा एस्टोनियाई विदेश मंत्री मार्गस साहकनासँग भेटघाट गर्नु भयो । यस अवधिमा, दुवै नेताहरूले व्यापार, लगानी, डिजिटल रूपान्तरण, साइबर सुरक्षा र उदीयमान प्रविधिहरूको क्षेत्रमा भारत-इस्टोनिया सहयोगलाई सुदृढ पार्ने विषयमा छलफल गरे। भारत- युरोपीय संघ स्वतन्त्र व्यापार सम्झौता वार्ताको सफल निष्कर्षबाट उत्पन्न हुने नयाँ अवसरहरू पनि बैठकमा छलफल गरियो।
श्री गोयलले विदेश मन्त्री मार्गुस साहकानाको उपस्थितिमा भारत-इस्टोनिया व्यापार मञ्चलाई पनि सम्बोधन गर्नुभयो। उहाँले इस्टोनियाली उद्योगहरूलाई भारतमा दीर्घकालीन लगानी गर्न आह्वान गर्नु भयो। श्री गोयलले भारतमा पारदर्शी, स्थायित्व र प्रतिस्पर्धात्मक व्यापार पर्यावरण सिर्जना गर्न व्यापक सुधार गरिएको बताउनु भयो। उहाँले भारत र इस्टोनियाले डिजिटल सार्वजनिक पूर्वाधार, ई-गभर्नेन्स, बन्दरगाह, रसद र समुद्री जडान, दिगो कृषि प्रविधि, रक्षा र सुरक्षा प्रविधि जस्ता क्षेत्रमा मिलेर काम गर्न सक्ने बताउनु भयो।

## पीआईबी फैक्ट चेक-पीएम

प्रधानमन्त्री नरेन्द्र मोदीले लगानी प्लेटफर्मको प्रचार गरिरहेको भन्ने सामाजिक सञ्जालमा फैलिएको दाबीलाई सरकारले अस्वीकार गरेको छ। दावीमा नागरिकहरूलाई २ हजार २ सयको प्रारम्भिक लगानीमा मासिक २५ लाख रुपियाँ आम्दानीको ग्यारेन्टी गरिएको दाबी गरिएको छ। प्रेस सूचना ब्यूरो (PIB) को तथ्य-जाँच इकाईले भिडियो नक्कली भएको र कृत्रिम बुद्धिमत्ता प्रयोग गरेर सिर्जना गरिएको बताएको छ। इकाईले प्रधानमन्त्रीले त्यस्तो कुनै पनि लगानी योजना वा प्लेटफर्मलाई समर्थन नगरेको बताएको छ। यसले नागरिकहरूलाई फिसिङ घोटालाबाट सावधान रहन, शंकास्पद लिङ्कहरूमा क्लिक नगर्न र अपरिचितहरूसँग OTP साझा नगर्न पनि आग्रह गरेको छ।

## संयुक्त राष्ट्र संघ-पीओके अशान्ति

पाकिस्तान प्रशासित जम्मू कश्मीरमा जारी अशान्तिप्रति संयुक्त राष्ट्र संघको मानव अधिकार एजेन्सीले चिन्ता व्यक्त गरेको छ। संयुक्त राष्ट्र संघका मानव अधिकार उच्चायुक्त भोल्कर टर्कले प्रदर्शनकारी र सुरक्षा बलका सदस्यहरूको मृत्युको बारेमा तुरुन्त, निष्पक्ष र पूर्ण अनुसन्धान गर्न आह्वान गरेका छन्।
उहाले पाकिस्तानी अधिकारीहरूलाई संयम अपनाउन, जनताको मौलिक अधिकारको रक्षा गर्न र हिंसाका घटनाहरूको जवाफदेहिता सुनिश्चित गर्न आग्रह गरेका छन्। संयुक्त राष्ट्र संघका अनुसार गत महिनादेखि जारी विरोध प्रदर्शनमा धेरै प्रदर्शनकारी र सुरक्षाकर्मीहरू सहित दर्जनौं मानिसहरूको मृत्यु भएको छ।
संयुक्त राष्ट्र संघले जम्मू कश्मीर संयुक्त अवामी कार्य समितिमाथिको प्रतिबन्ध र इन्टरनेट सेवाहरू अवरुद्ध भएकोमा पनि चिन्ता व्यक्त गरेको छ। यसले अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकारको सम्मान गर्न र क्षेत्रमा इन्टरनेट सेवाहरूको पुनर्स्थापनाको लागि अपील गरेको छ।

## मौसम

मौसम विभागले भोलिसम्म उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा भारी वर्षाको चेतावनी जारी गरेको छ। मौसम विभागका अनुसार भोलिसम्म अरुणाचल प्रदेश, असम, मेघालय, छत्तीसगढ र उत्तराखण्डमा पनि भारी वर्षा हुने सम्भावना छ। यसैबीच, बिहार, मध्य प्रदेश, पूर्वी उत्तर प्रदेश, हिमाचल प्रदेश, झारखण्ड, कर्नाटक, केरला, ओडिशा र उत्तरपूर्वी राज्यहरूमा आज वर्षा हुने सम्भावना छ। विभागले आगामी दुई दिनमा तटीय आन्ध्र प्रदेश, जम्मू-कश्मीर, लद्दाख, मध्य महाराष्ट्र र मराठवाडाका केही स्थानमा बिजुली र तेज हावा चल्ने पूर्वानुमान गरेको छ। यसैबीच, आज दिल्ली, हरियाणा, चण्डीगढ र पञ्जाबमा तातो र आर्द्र मौसम रहने सम्भावना छ।